पञ्चेश्वर गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
आमचौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
सम्पर्कः९८५८७८४०००
Email:ito.pancheshwormun@gmail.com

प. सं. २०८२।२०८३
च. न.

श्री जो जससँग सम्बन्धित छ ।

विषयः वृत्तचित्र निर्माण कार्यका लागि दररेट पेश गर्ने सम्बन्धी सूचना ।।।
(प्रथम पटक प्रकाशित मिति २०८३/०२/१२)

प्रस्तुत बिषय सम्बन्धमा, पंचेश्वर गाउँपालिकाको आ.व.२०८२।८३ को स्वीकृत कार्यक्रम बमोजिम **संघीय विशेष अनुदानबाट सञ्चालित "पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम"** गाउँकार्यपालिकावाट स्वीकृत पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम संचालन कार्यविधी, २०८२ अनुसार २०८३ असार दोस्रो हप्तासम्म सञ्चालन हुने उक्त कार्यक्रमका बिभिन्न क्रियाकलापहरु सम्बन्धमा स्थानीय समुदाय र सरोकारवालाहरूको धारणा लिने गरी पोषणसम्बन्धी वृत्तचित्र निर्माण गर्नुपर्ने भएको हुदा मिति २०८३/०१/१६ गते प्रकाशित तालिम सहजिकरण र परामर्श सेवाका लागि विज्ञ/प्रशिक्षक सूचीकृत गर्ने सम्बन्धी सार्वजनिक सूचना बमोजिम निर्धारित समयभित्र रितपुर्वक सूचिकृत भएका परामर्शदाता फर्म/व्यक्तिहरूबाट देहाय बमोजिमको सेवा उपलब्ध गराउन २०८३/०२/१८ गते भित्र कार्यालय (ईमेल ठेगाना/हार्डकपि) मा दररेट प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

कार्य विवरणः

- पञ्चेश्वर गाउँपालिकाको पोषण अवस्था, स्थानीय सम्भावना, पोषणमैत्री खाद्य अभ्यास तथा कार्यक्रमबाट समुदायमा परेको प्रभाव सम्बन्धी वृत्तचित्र निर्माण गर्ने।
- ६ वटै वडाहरूमा संचालन गरिने किसानहरुलाई वडास्तरीय पोषणमैत्री लघु उद्यम विकास सम्बन्धी तालिम (प्रत्येक वडामा ३ दिन जम्मा १८ दिन), स्वास्थ्य स्वयमसेविका तालिम १ दिन, स्वास्थ्यकर्मीहरूलाई तालिम १ दिन, रैथाने उत्पादन प्रवर्द्धन मेला, स्थानीय ब्यापारीसंग अन्तर्क्रिया, सहकारीसंग छलफल (२ दिन ) , पोषण र शैक्षिक क्षेत्रको भूमिका सम्बन्धि वडा तहमा छलफल लगायत पोषणमैत्री लघु उद्यम विकास कार्यक्रम अन्तरगत रहेका क्रियाकलाप समेटि भिडियो तयार गर्ने ।



बिर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

पञ्चेश्वर गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
आमचौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
☎सम्पर्क:९८५८७८४०००
Email:ito.pancheshwormun@gmail.com

पञ्चेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आम्चौरा, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल

- स्थानीय समुदाय, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सेवाग्राही, सामाजिक अभियन्ता तथा सरोकारवालासँगको अन्तर्वार्ता समावेश गर्ने।
- न्यूनतम १०–१५ मिनेट अवधिको HD गुणस्तरको भिडियो तयार गर्ने।
- नेपाली भाषामा सम्पादन, ब्याकग्राउण्ड संगीत, टाइटल तथा आवश्यक ग्राफिक्स समावेश गर्ने, पंचेश्वर गाउँपालिकाको भौगोलिक, धार्मिक साँस्कृतिक, जातिय, कृषि उत्पादन तथा वातावरणिय विविधता झल्किने गरि भिडियो निर्माण गर्नुपर्ने।
- अन्तिम भिडियो Pen Drive तथा डिजिटल फर्म्याटमा उपलब्ध गराउनुपर्ने।

**आवश्यक कागजात:**

- फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- PAN/VAT दर्ता प्रमाणपत्र
- कर चुक्ता प्रमाणपत्र
- अनुभव खुल्ने कागजात/सम्झौता
- प्रस्तावित दररेट विवरण
- सम्पर्क नम्बर तथा ठेगाना

**सेवा प्रदायकको योग्यता:**

- वृत्तचित्र, भिडियो डकुमेन्ट्री वा मिडिया उत्पादन क्षेत्रमा अनुभव भएको हुनुपर्ने।
- भिडियो छायांकन, सम्पादन तथा स्क्रिप्टिङमा दक्ष जनशक्ति भएको हुनुपर्ने।
- गुणस्तरिय भिडियो छायांकन गर्न आवश्यक सम्पूर्ण सामाग्री भएको (ड्रोन, क्यामरा, प्रविधि आदि) हुनेपर्ने ।
- कुनै कानुनले अयोग्य नरहेको ।

२०८२/०२/१२

विर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

विर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner